# प्रदेश सभा
# सुदूरपश्चिम

२०७६/०४/२९
चौथो अधिवेशन
(३५औं वैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको ३५औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

अब **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

अब, म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय विनिता देवी चौधरीलाई :–** माननीय सभामुख महोदय **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सभामा सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु । धन्यावाद

***(प्रस्ताव पेस भएपछि)***

४. **माननीय सदस्यहरू,**

अब, म **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**५. माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ। छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ। विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु।
सर्वप्रथम **माननीय अक्कल बहादुर रावल**लाई समय दिन्छु।

**माननीय अक्कल बहादुर रावल :–** माननी सभामुख महोदय **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** यस गरिमामय सदनमा पेश भएको छ र यसका अत्यन्तै वहु आयामिक पक्ष हरु छन जुन विधेयक तत्काल हाम्रा प्रदेशका सन्दर्भमा अति आवस्यक विधेयकका रुपमा हामिले नियालि रहेका पनि छौ । यसलाइ पुर्णता दिएर यसलाइ अझै परिपक्क वनाएर तत्काल यसलाइ पारित गर्नुपर्ने आवस्यकता पनि यत्तिकै हाम्रा सामुन्ने छ। त्यसैले यो विधेयक संग सम्वन्धित विषय वस्तुहरु र प्रदेश सरकारको वजेट कार्यान्वयन संग पनि जोडिएको हुनाले यसलाइ हामिले तत्काल पारित गर्नुपर्ने अति आवस्यक एउटा विधेयकको रुपमा हामिले लिएका छौ त्यसैले मैले विधेयकका मात्रै सैद्धान्तिक पक्ष हरुमा छलफल गरिरहँदा केहि विषय वष्तुहरु हामिले सम्भवत यो विधेयक हामिले छलफल गरेर छिटै पनि टुङ्ग्याउनु पर्ने भएको हुनाले लामो विषयगत समितिमा व्यापक छलफल गरेर अगाडि वढ्नु पर्ने समय हामिलाइ प्रयाप्त नहुन पनि सक्छ। अझै यसैलाइ हामिले अलिकति वहसको केन्द्र भागमा राख्नु पर्छ जस्तो लाग्छ मलाइ सदनमै भएपनि त्यसैले यस विधेयकमा केहि विषय वस्तु हरु थपघट गर्नुपर्ने र यसका परिभाषाहरु र केहि दायराहरु केहि फराकिलो वनाउनु पर्ने जरुरि मैले देखेको छु। सातसथै विशेष गरि याहाँ सहकारि संघ संस्था र विभिन्न कुराहरु त परेका छन तर यलाइ सहकारि कृषक सहकारि विभिन्न सहकारि पनि कृषिक्षेत्र संग सम्बन्धित भएको हुनाले सवै विषय समावेस गरेर हामिले पारित गर्नुपर्ने मैले जरुरि देखेको छु । सातसाथै यसमा अनुदानका पाटा हरु जो छन अनुदानका पाटाहरुमा पनि हामिले कृषकहरुलाइ अनुदान दिदाखेरि राम्रो कार्यगर्ने कृषकहरुको पहिचान हरुको प्रश्न वारम्वार उठिराख्ने देखिएको छ त्यसैले गर्दा त्यसको राम्रैसंग अध्ययन गरिकन जस्ले कृषिक्षेत्रमा लामो समयदेखि योगदान पुगाइरहेका कृषक हरु र अझै निराधार मुखि अर्थतन्त्रमा वढि ध्यान दिने कृषक हरुलाइ वढि प्रोत्साहन गर्न गरिकन अनुदान का कार्यक्रमरु लैजान यसलाइ अझै व्यापक अध्नको खाचो मैले देखेको छु। र सातसातै याहाँ विषदिका कुराहरु छन अर्गानिक कृषि प्रणालीसंग यो विषय वस्तु केहि छुटेको मैले देखेको छु। त्यसलाइ अर्गानिक कृषि प्रणालीसंग अर्गानिक कृषि प्रणालिका केहि क्षेत्र हरु पहिचचान गरेर छनौट गरेर तिठाय हरुमा लगानि केन्द्रीत गर्ने गरि पनि केहि विषय वस्तुहरु हामिले समावेश गर्न सकेनभने वढि प्रभावकारि हुन्छ जस्तो मलाइ लाग्छ किनकि हामि विषादि विदेश वाट आउने वस्तु हरुमा वढि भन्दा वडि विषादि भयो भनेर हामिले विभिन्न नाका हरुमा हामिले विषादि परिक्षण केन्द्रहरु प्रयोगशालाहरु स्थापना गरिरहेको सन्दर्भमा हामिले हाम्रो वस्तुलाइ कस्तो उत्पादन गर्‍यौ भन्ने त्यो संग पनि हामिले जोड्न सक्यौ भने झनै राम्रो हुन्छ जस्तो मलाइ लाग्छ विशेष गरि आधुनिक कृषि प्रणालिसंग पनि हामिले जोड्नुपर्ने कुराहरु छन र कृषिलाइ यान्त्रीककरण संग जोड्नु पर्ने कुराहरु पनि छन।तसर्थ कृषि प्रर्वधनको सम्भावना हाम्रो धेरै राम्रो छ। किनकि हामि कृषि क्षेत्रमा राम्रो प्रगति गरिरहेका देश हरुमा हाम्रै देश वाटपनि विभिन्न सभा विभिन्न तहवाट भ्रमण जाने पर्यटकको रुपमा हेर्नजाने जस्तो देखिन्छ त्यसैले गर्दा हाम्रो जस्तो प्राकृतिक स्रोत र सम्भावना भएको भुगोल र अझै अर्गानिक उत्पादन र फलफुल खेति देखि लिएर तरकारि खेतिमा पनि पुरै आत्म निर्भर वनेर त्यस्तै ठुल्ठुला अझै मेघा एग्रिकल्चर त्यस्ता ठाउँ हरु वनाएर हामिले विस्वलाइ हाम्रो देश हाम्रो प्रदेश कृषिमा आत्म निर्भर हुन यो तरिकाले अगाडि वढिराखेको छ है भन्नेकुरा देखाउनका निम्ती पनि हामिले त्यतातिर भन्दा अझै साना

साना टुक्रे योजनातिर हैन टुक्रे टुक्रे योजनाहरु वनाएर वितरण मुलक कृषि प्रणालि तिर हैन अझै केहि दाउहरुमा केन्द्रित गरेर अगाडि वढ्नुपर्ने र योजना वद्ध तरिकाले कृषिको विकास गर्नुपर्ने जरुरिर पनि देखिन्छ त्सैले गर्दा यो दिशातिर हामि वढ्यौं भने र हामिसंग भएको अहिलेको यो सरकारको जुन साधन स्रोत छ हाम्रो कृषिमन्त्रालयको स्रोत साधन छ । त्यसैलाइ मात्रै हामिले परिचालेन गरेर हामिले धेरैकाम गर्न सक्छौ त्यसैले यो विधेयक अत्यन्तै महत्व पुर्ण छ यसलाइ हामिले अझै व्यापक ढंगले छिटो भन्दा छिटो पारित गर्ने पाटोतिर पनि जानुपर्ने भएको छ । यि कुराहरु राख्दै म बिदाहुन्छु हवस्त धन्यावाद ।

**माननीय श्यामलाल राना थारु :–** माननिय सभामुख महोदय हाम्रो सुदूर पश्चिम सरकारको तर्फवाट कृषि तथा सहकारि मन्त्री ज्युले यस सम्मानित सदनमा **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** जुन प्रस्तुत गर्नुभएको छ एकदम राम्रो कुरा हो र यसले अवस्यपनि हाम्रो देश कृषिप्रधान देश भएको हुनाले कृषि सम्वन्धि र पसुपालन व्यवसाय सम्वन्धि राम्रैसंग परिवर्तन गर्नेछ। हाम्रो मुलुक कृषि प्रधान देश भएको हुनाले अहिले सम्म कृषि क्षेत्रलाइ यथार्थ रुपमा परिवर्तन गर्न सकिएको छैन कागजमा मात्रै सिमित रहेको मैले देखेको छु। त्यस कारणले हालसम्म राजनैतिक हिसाबले हामि हाम्रो परिवर्तन गुणात्मक रुपले देखिएको भएपनि अव कृषिमा ठुलो क्रान्ति ल्याउनका लागि कृषिमा परिवर्तन गर्नका लागि यस विधेयकको महत्वपुर्ण भुमिका रहनेछ भन्ने कुरा मैले महसुश गरेको छु। गरिवि निवारणको सवालमा स्वराजगारको प्रवर्धन गर्ने सवालमा र वेरोजगारिलाइ पनि समस्या समाधान गर्ने सवालमा यस विधेयकले महत्तव पुर्ण भुमिका निर्वाह गर्नेछ भन्ने मलाइ लागेको छ। र यस विधेयकले धेरै कुराहरु समेटेको छ। उत्पादन देखि लिएर यान्त्रीक व्यवसायिक करणका कुराहरु र यस कृषि तथा पसुपच्छी व्यवसायलाइ मर्यादित वनाउने मर्यादित पेशाको रुपमा पनि व्यवस्थित गगर्ने सवालमा पनि यस विधेयकले महत्वपुर्ण भुमिका निर्वाह गर्ने छ। भन्ने मलाइ लागेको छ र अहिले सम्म हामि जुन यस सुदूरपश्चिमको कुरा गर्ने हो भने हाम्रो तराइ पहाड र हिमाल देखि सम्पुर्ण ठाउँमा माटो सुहाउँदो हावापनि सुहाउँदो यदि कृषि गर्न सकियो भने नगदेवालि देखि लिएर फलफूल खेति पशुपन्छी व्यवसायमा हामिले राम्रो संग विधेयकले समेटेका कुराहरु अक्षेरस पालना गर्न सकियो भने अवस्य पनि यो प्रदेशलाइ हामि एकदम समुन्नत प्रदेश बनाउन सक्छौ र मलाइ लाग्छ यो विधेयक एकदमै उत्तम छ। र यसले राम्रो परिवर्तन गर्नेछ। त्यस कारणले गरिवि निवारण देखि लिएर स्वरोजगारका कुराहरु लाइ अगाडि वढाउँदै यो जुन कृषि पेशा छ यसलाइ मर्यादित वनाउने सवालमा पनि यो विधेयकले महत्वपुर्ण भुमिका निर्वाह गर्ने भएको हुनाले युवाहरुको पनि यसमा लगाव वढ्ने मैले देखेको छु। साथै सरकारले दिएको अनुदानलाइ पनि यसले व्यवस्थित गर्न सकिनेछ। अहिलेसम्म अनुदानलाइ व्यवस्थित गर्न सकिएको छैन। त्यस कारणले यो विधेयक पारित भईसकेपछि सरकारले दिएका अनुदान लाइ यो प्रदेशलाइ हामि आत्मनिर्भर बनाउन सक्छौ कृषिमा राम्रो प्रगति गर्न सक्छौ भन्ने मलाइ लाग्छ। विधेयकमा केहि जटिल कुराहरु साना साना कुराहरु पनि समेटिएको जस्तो मलाइ लाग्छ। जस्तै मिट माट भन्ने शव्द छ ग्रेडिडको कुरा छ। प्याकेजिङको कुराछ। त्यसलाइ पनि अलि सरलिकृत भाषामा जस्तै मिट माट भनेको गुणस्तरिय स्वच्छ सफा मासु पसल भन्ने वुझिन्छ भने पछि त्यो सरल भाषामा यसलाइ उल्लेख गर्नु उचित होला। त्यस्तै ग्रेडिडको कुरा छ। स्तर निर्धारणका कुराछन ति सरल भाषमा हामिले परिवर्तन गरेर यो विधेयकलाइ हामिले यस सम्मानित सदनले छिटो भन्दा छिटो पारित गर्नेछ भन्ने मैले विस्वास गरेको छु। र एउटा कुरा यस छलफलमा भाग लिइरहँदा मलाइ के लागिरहेको छ भने हामि अहिलेसम्म पनी यो २०७५ मात्रै भनिराखेका छौ यो २०७६ – ४ –२९ गते भईसकेको छ त्यसकारणले यो विधेयक सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको विधेयक २०७६ हुने होकि भन्दै यो विधेयकको म एकदम समर्थन गर्दै आफ्नो भनाइ म यहि अन्त गर्न चाहान्छु हवस्त धन्यावाद।

**माननीय मालामती कुमारी राना** :– माननीय सभामुख महोदय **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि हामि सैद्धान्तिक छलफल गरिरहेका छौ यो विधेयक खासगरि व्यवसाय र किसान संग जोडिएको विधेयक भएको हुनाले हामिले एकदमै यसमा ध्यान दिनु जरुरि छ । किनभने सुदूरपश्चिम पदेश आफैमा जो ८० प्रतिशत कृषिमा आधारित छौँ भन्छौँ वास्तममा सुदूरपश्चिम प्रदेश एकदमै कृषिमा नै आधारित भएको हुनाले कृषि तथा पशुपन्छीमा हामि कृषि व्यवसाय र उपभोक्ता हरुलाइ प्रतिस्पर्धाका साथै जिम्मेवार र मर्यादित बनाउनका निम्ति अव कानुनी वाटो खुला भएको छ र खुल्ला हुदैछ हामिले बुझ्केका छौ । हामि सबैलाइ बिश्वास छ सुदूरपश्चिम प्रदेशको कृषि तथा पसुपन्छी व्यवसाय प्रर्वधनबाट इच्छा अनुसार वास्तविक सबै किसानहरु सहज रुपले व्यवसाय गर्न पाउनेहुने नै छन पाउनुपनी पर्छ । हामिलाइ विश्वास छ तसर्थ कानुन बन्नु ठुलो कुरा हुँदैन हामिले भन्दै आएका छौ । कार्यान्वयन ठुलो पाटो हुन्छ । अहिलेसम्म हामिले हेर्दै आएका छौ कानुन बनेपछि कानुन एकातिर छ । हाम्रो काम कार्वाहि एकातिर छ त्यसकारण कानुन वने पश्चात पनि फेरि पहुँचवाला किसानले मात्रै आधुनिक व्यवसाय र अनुदानको व्यवसाय गर्न पाउछन कि भन्ने वारेमा हामिलाइ शंका लागेकै छ । त्यसकारण वास्तविक गरिव निमुखा किसानले आधुनिक व्यवसाय र अनुदान समेतको व्यवसाय गर्न पाउनु पर्छ । हाम्रो मान्यता छ । र यो विधेयक एकदमै राम्रो विधेयक हो । यो सरकारले एकदमै राम्रो विधेयक ल्याएको छ । मैले पहिला पनि भने यो किसान र व्यवसाय संग जोडिएको विधेयक हो । यो विधेयक को हामिले छलफल गर्दाखेरि यो विधेयकमा अहिले सम्म हामी अरु जिल्लामा हाम्रा वाल वच्चाहरु एग्रिकल्चर सम्वन्धि शिक्षा लिनको लागि अन्तै अन्तै जानु पर्छ । त्यसकारण यो विधेयकमा पनि हामिले यो विधेयकको छलफल गर्दाखेरि हाम्रै सुदूर पश्चिम प्रदेशमा चाहिँ एउटा एग्रिकल्चर सम्वन्धि विस्व विध्यालय पनि खोल्नुपर्छ भन्ने हाम्रो माग छ । र प्रदेश सरकारसंग म आग्रह गर्न चाहान्छु । दोस्रो कुराचाहि मैले पटक पटक भने यो कृषिसंग जोडिएको विधेयक भएको हुनाले हामि समयमा मल पाउदैनौं मलको लागि एकदमै धौ धौ हुन्छ । हामि धान रोप्ने वेलामा या गहुँ छर्नेवेलामा या आलुखेति लाउने वेलामा जुन समय सिजन आउँछ हाम्रो वालिहरुको त यो समयमा हामि मल पाउदैनौं त्यसकारण मल पाउनको लागि हाम्रो सुदूरपश्चिम प्रदेशमा यो चाहि युरिया मल या रसायनिक मल को फ्याक्ट्री हुनु पर्छ । र अर्गानिक मलको पनि हाम्रै सुदूरपश्चिम प्रदेशमा अर्गानिक मलको एउटा फ्याक्ट्री बन्नुपर्छ भन्ने मैले सरकारसंग माग पनि गर्न चाहान्छु । यो विधेयकलाइ हामिले ल्याउनु पर्छ । यो सुदूरपश्चिम प्रदेशलाइ हामि हराभरा प्रदेशको रुपमा देख्नपाउँ भन्दै म मेरा दुइशव्द यहिँ अन्त गर्न चाहान्छु धन्यावाद ।

*(बोलिसके पछि)*

**६. माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

**७. माननीय सदस्यहरु,**

अब, **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**८. माननीय सदस्यहरु,**

अब म आन्तरिक मामिला तथा कानून मन्त्री **माननीय प्रकाश बहादुर शाह**लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि सभाबाटै दफाबार छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**मा० प्रकाश वहादुर शाह :–**माननीय सभामुख महोदय प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि सभावाटै दफावार छलफल गरियोस भनि यो प्रस्ताव पेश गर्दछु । धन्यावाद

*(प्रस्ताव पेश भए पछि)*

९. **माननीय सदस्यहरु,**

अब म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*("हुन्छ" भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भन्ने आवाज नआएमा)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** लाई सभाबाटै दफावार छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

१०. **माननीय सदस्यहरू,**

अब, **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथिको दफावार छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकका दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम **माननीय अमर बहादुर साउद**लाई समय दिन्छु ।

**माननीय अमर वहादुर साउद :–** माननीय सभामुख महोदय नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** यस प्रदेश सभामा दफावार छलफलको लागि पेश भएको छ । यसका लागी यो विधेयक प्रस्थुत गर्नुहुने माननीय आन्तरिक मामिला तथा कानुन मन्त्रीज्यु लाइ विशेष गरि धन्यावाद दिन चाहान्छु अहिलेसम्म हाम्रो प्रदेश सभा वाट प्रदेशको नामावलि र नामाकरण र राजधानीको नाम नतोकिदा भन्दाका पुर्वका जुन विधेयक जे जति १६ वटा विधेयक हाम्रो प्रदेश सभा वाट पारित भएका छन । ति विधेयक हरुमा ७ न. प्रदेश भन्ने सम्पुर्ण शव्द दफा र उसमा उल्लेख भएको सवैलाइ वितितै छ । र यो प्रदेश ऐन संशोधन सम्वन्धि वनेको जुन विधेयकमा हामि छलफल गरिरहेका छौ यो विधेयक पास भईसके पछी ति स्रोह वटा विधेयक हरुमा रहेका ७ न. भन्ने शब्द हटाएर त्यसमा सुदूरपश्चिम भन्ने र केहि अन्य आवस्यक

संशोधनका विषय वस्तु हरु समावेश हुने छन जसले गर्दाखरि हामि यसरि सर्शाति यो अहिले सम्म वनेका १६ वटा विधेयकमा ७ न. भन्ने शव्द उल्लेख भएको छ जस्ले गर्दाखेरि हामिलाइ यो प्रदेश सबभन्दा पिछडिएको अथवा सबभन्दा अपहेलित प्रदेशको रुपमा सबैले बाह्य दृष्टिकोणवाट अथवा सम्पुर्ण जनमानसबाट हेर्ने दृष्टिकोण एकदम अपहेलित खालको देखिन आएको छ । र अव यो सवै ऐनहरु जुन सुरक्षित हाम्रो प्रदेशले जुन वनाएका छन अथवा याहाँ जुन कानुन वनेकाछन त्यसमा सुदूर पशिचम भन्ने सव्द अव थपिसकेपछि त्यो एक खालको हामि अपहेलित भएको जुन महशुस जो कागजी रुपमा रहेको छ यो अव अन्त्य हुनेछ । त्यसैले यसमा यि सम्पुर्ण आवस्यक ऐनहरु मा आवस्यक कुराहरु थपेर यसलाइ विषयगत समितिमा दफावर छलफल गर्न त्यति आववस्यक नभएको कुरा विधेयक प्रस्तुतकर्ता माननीय मन्त्री ज्युले यहाँ प्रस्तुत गरिसकेको छ । त्यसैले यसलाइ म थप जोडदिन चाहान्छु भन्दै म यहि सभाको सामान्य छलफल दफावर छलफल वाटनैयो विधेयक यथासिग्र पास हुने छ र याथासिग्र यो कार्यान्वयनमा जानेछ र ति विधेयक हरुमा रहेका कमिकम्जोरि हरु सच्चिएर पुर्णता पाउनेछ भन्ने विस्वासका साथ म कुरा राखदै योविधेयक यथासिग्र पास हास भन्ने अभिप्रायका साथ अनफ्नो भनाइ अन्त गर्छु हवस्त धन्यवाद ।

**माननीय टेक बहादुर रैका :–** माननीय सभामुख महोदय प्रदेश एन संसोधन गर्न जुन सदनमा पेश भएको छ । मलाइ लाग्छ केहि जुनवेला हामिले प्रदेश को नामावलि तथा राजधानी नाम किटान गरेका थियौ त्यहिवेला यसको छलफल गरेर संशोधन भईसक्नु पर्ने थियो । किनभने प्रदेशको राजधानि गोदावरि नाम चाहि सुदूर पशिचम प्रदेश राख्ने भनेर हाम्रो निर्णय भएको थियो । त्यहि निर्णय अन्तरगत वन्नुपर्ने ठायँमा केहिदिन त्यो ढिला भएर अहिले सदनमा जुन व्यपक रुपमा आएर यसलाइ ७ न. लाइ काटेर सुदूरपशिचम प्रदेश राख्ने सहमतिका लागि सदनमा यो पेश भएको छ । यसलाइ व्यक्तिगत आफ्नो तर्फवाट र मेरो पार्टि नेपालि काँग्रेसको तर्फवाट ७ न. काटेर सुदूरपशिचम प्रदेश राख्नका लागि समर्थन गर्दछु ।

**माननीय चुन कुमारी देवी चौधरी :–** माननीय सभामुख महोदय, यो केहि सुदुर पशिचम प्रदेश संशोधन विधेयक २०७६ लाइ प्रदेश सभा नियमावलि २०७४ को नियम १२२ वमोजिम सभावाट परित गरियोस भनेर जो अन्तरिक तथा कानु मन्त्री जिले ल्याउनु भएको विधेयक यो सुदूर पशिचम प्रदेश को राजधानि १ वर्ष सुदूर पशिचम प्रदेश राजधानिको नाम लगक पुगि सकेको अवस्था छ । त्यसैले यो सुदूर पशिचम प्रदेश ७ न. प्रदेश भएको ठाउमा यो सुदूरपशिचम प्रदेश यो आम सुदूरपशिचमका जनताको हिमाल पाहाड र तराइ सम्पुर्णलाइ मिलाएर विभिन्न जातजाति थारु पाहाडी र अन्य पछाडि पारिएका अल्पसंख्यक जातका विभिन्न आनदोलनका बावजुत यो सुदूर पशिचम प्रदेशको राजधीनको नामाकरण गरिएको थियो । त्यो

चाहि समयमै आउनुपर्थ्यो जस्तो लाग्छ १ वर्ष भयो २ तिहाइको वहुमतको सरकारले पास गऱ्यौं तर समयमै नआउँदा अहिले सम्म कामहरु अगाडिको वजेटमा कामहरु गर्नुपर्थ्यो तर जो सरकारको स्पिट चै इक्सर साइज देखिएन यसलाइ अव ढिलैभए पनि सुदूर पश्चिमको राजधानि जो गोदावरिमा छ अत्यन्तै सबैको पायक पर्ने ठाउँमा राजधानी छ । यसैलाइ छिटो भन्दा छिटो अव यहि सदनवाट समितिमा नगैकन यो राजधानिको नाम यहि टुङ्ग्याएर अगाडि वडाएर अव राजधानि हामि १वर्ष २ वर्ष गयो यो ५ वर्षको कार्यकाल छ आदर्णिय माननीय सभामुख महोदय हामि सुदूरपश्चिम राजधानि हाम्रो कार्यकाल भित्र वनाइ सक्नु पर्छ त्यसैले मैले सरकारलाइ ध्यानाकर्षण गराए यो सदन मार्फत कि राजधानी पनि छिटो वनोस भनेर र एउटा दुखलाग्दो घटना छ यहि महिनाको म अलिकति विधेयक भन्दा वाहिर गए गोदावरि नगरपालिका वाड न. ७ मारहेको यहि साउन १९ गते तिलक साह जिको घरको अगाडि रहेको गाडि राति ११वजे करिव अग्यात समुहले आगजनि गरेकोछ यो सदनमा आदर्णिय सभामुख महोदय सदन मार्फत ध्यानार्षण गराउन चाहान्छु यदि पिडितको क्षतिपुर्ति सहित कडा भन्दा कडा कार्वाहि गरिनु पर्छ । भन्ने अनुरोध गर्दै विदा हुन्छु हवस्त धन्यावाद ।

*(वोलि सकेपछि)*

**११. माननीय सदस्यहरू,**

अब, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह :–** माननीय सभामुख महोदय **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि माननीय सदस्य हरुले महत्व पुर्ण गहन र अत्यन्त सानद्रभिक सुझाप हरु दिनुभएको छ । त्यसका निकम्ति म हार्दिक धन्यावाद दिन चाहान्छु । उहाहरुका महत्वपुण सुझाप हरुलाइ समावेस गरेर यो विधेयक सिघ्र अति सिघ्र यो गरिमामय सदनले परित गर्नेछ भन्ने विस्वास व्यक्त गर्न चाहान्छु । धनयावाद

*(जवाफ दिएपछि)*

**१२. माननीय सदस्यहरू,**

**"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**१३. माननीय सदस्यहरू,**

अब, म विधेयकका २ (दुई) देखि १६ (सोह्र) सम्मका दफाहरू र सम्बन्धीत उपदफाहरू **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भन्ने आवाज नआएमा)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ (दुई) देखि १६ (सोह्र) सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतीले **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**१४. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना** : प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐन संशोधन गर्न वाञ्छनिय भएकोले सुदुरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।
संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६"** रहेको छ।
(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

*(पढेर सुनाएपछि)*

**१५.माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नामलाई **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भन्ने आवाज नआएमा)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा गरेपछि)*

**१६. माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह लाई **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह** :– माननीय सभामुख महोदय **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** लाई सुदूर पश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यावाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**१७. माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेस गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।
*(हुन्छ भनेपछि)*
प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भन्ने आवाज नआएमा)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक**, **२०७६"**सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**१८. माननीय सदस्यहरु,**

आजको बैठकको कार्यवाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल भाद्र १ गते दिउसो २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।